
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २३०, पृष्ठ ८ | काठमाडौं, सोमबार १४ … | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी


# रवि–बालेन सहमति, पुरानालाई चुनौती



पुराना दलले देश बिगारे, उनीहरूबाट अब चल्दैन’ भन्ने अभियानमा सक्रिय रास्वपा सभापति रवि लामिछाने र काठमाडौं महानगरका मेयर बालेन साहबीच एकतामा सहमति भएको छ। ‘नयाँ र वैकल्पिक शक्ति’ यो मिलनले फागुन २१ को निर्वाचमा पुराना दललाई चुनौती थपिएको राजनीतिक विश्लेषकहरू बताउँछन्। यद्यपि, सिद्धान्त, नीति र कार्यक्रमबिना चुनाव केन्द्रित यो एकतालाई जनताले के कसरी विश्वास गर्छन् भन्ने चुनावी परिणामले देखाउनेछ।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले/राधा खनाल | *काठमाडौं*
– को रिपोर्ट



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तथा बालेन्द्र शाह बीच 'बृहत् एकता' सम्बन्धी सहमति

सबै नेपालीको समतामूलक उन्नतिप्रति कटिबद्ध सामाजिक न्याय सहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने बहुलवादी लोकतान्त्रिक प्रणालीभित्र असल शासन कायम गरी आम नागरिकका आकांक्षा सम्बोधन गर्न सबै सुसंस्कृत एवं परिवर्तनकामी राजनीतिक शक्तिहरुबीच सहकार्य हुन अपरिहार्य रहेको तथ्यलाई आत्मसात गर्दै, २०८२ साल भदौ २३ र २४ को जेन-जी आन्दोलन लगायत विभिन्न कालखण्डमा भएका जनआन्दोलनहरुका शहीद एवं घाइतेहरूको बलिदानलाई प्रेरणादायी स्मृतिमा राख्दै, समान अठोट बोकेका शक्तिहरुको सहकार्य मार्फत राष्ट्रसेवाको साझा लक्ष्य हासिल गर्न राष्ट्रिय स्वतन्त्र पार्टी (पहिलो पक्ष) र श्री बालेन्द्र शाह (दोश्रो पक्ष) बीच देहायका सहमति भएको छ।

१. नवयुवाहरुले भ्रष्टाचार र कुशासन विरुद्ध गरेको आन्दोलनको अपनत्व लिँई घाईते तथा शहिद परिवारका मागहरुको यथोचित सम्वोधन गर्ने प्रतिवद्धता जनाउने,

२. समुन्नति र सामाजिक न्यायका राष्ट्रिय उद्देश्यहरुका लागि गरिनु पर्ने गहिरा नीतिगत, संस्थागत एवं संरचनात्मक सुधारहरु मार्फत आर्थिक-सामाजिक उन्नयन र सुसंस्कृत राजनीतिक अभ्यासको जगमा अर्को दश वर्षभित्र नेपाललाई सम्मानजनक मध्यम-आय भएको राष्ट्र बनाउने मार्गचित्रको इमान्दार कार्यान्वयनप्रति समर्पित हुने,

३. पहिलो पक्ष र दोश्रो पक्षबीच बृहत् एकता भए पश्चात् स्थापित हुने राजनीतिक दलको नाम “राष्ट्रिय स्वतन्त्र पार्टी”, दलको झण्डा साविककै निलो पृष्ठभूमिको मध्य भागमा सेतो रङ्गको गोलाकार बीचमा निलो रङ्गको घण्टीको आकृति, दलको चुनाव चिन्ह 'घण्टी' र केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने,

४. राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय सभापति रवि लामिछाने रहने र आसन्न प्रतिनिधि सभाको निर्वाचनपछि संसदीय दलको नेता तथा भावी प्रधानमन्त्रीको उम्मेदवार बालेन्द्र शाह हुने,

५. बृहत् एकता पश्चात् पार्टीको संगठनात्मक संरचनालाई थप सक्षम र फराकिलो बनाउन युवा अभियन्ता एवं अनुभवी विज्ञहरुलाई समुचित समायोजन गर्दै जिम्मेवारी तोक्दा योग्यता, समावेशिता र सार्वजनिक छविलाई आधार मान्ने,

६. यस सम्झौता बमोजिम राष्ट्रिय स्वतन्त्र पार्टी सम्बन्धी दस्तावेज निर्वाचन आयोगमा अद्यावधिक गर्ने,

७. राष्ट्रिय स्वतन्त्र पार्टीको सिद्धान्त, नैतृत्व र चुनाव चिन्ह 'घण्टी' मा गोलबद्ध भइ लोकतान्त्रिक सुशासन, समुन्नति र सामाजिक न्यायका मुद्धा अघि बढाउन अन्य सुसंस्कृत एवं परिवर्तनकामी वैकल्पिक राजनीतिक शक्ति, समूह र व्यक्तिहरुलाई आव्हान गर्ने।

रवि लामिछाने — बालेन्द्र शाह

पुष १३, २०८२
काठमाडौं

## जेलेन्स्कीको आरोप : रूस शान्ति चाहँदैन



**किभ** (एजेन्सी) : युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसले शान्ति नचाहेको आरोप लगाएका छन्। रूससँग झन्डै चार वर्षदेखि जारी युद्ध अन्त्य गर्ने उद्देश्यले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग हुने भेटघाटअघि उनले यस्तो टिप्पणी गरेका हुन्।

जेलेन्स्कीले आइतबार फ्लोरिडामा ट्रम्पसँग भेट्ने कार्यक्रम छ। भेटमा अमेरिकाको मध्यस्थतामा तयार गरिएको शान्ति योजनाको अद्यावधिक संस्करणबारे छलफल हुनेछ। उक्त योजनालाई अहिलेसम्म मस्कोले समर्थन गरेको छैन। साथै, युक्रेनका लागि अमेरिकी सुरक्षा ग्यारेन्टीसम्बन्धी छुट्टाछुट्टै प्रस्तावमाथि पनि छलफल हुने अपेक्षा गरिएको छ। फ्लोरिडामा ट्रम्पको निवास मार-ए-लागोमा हुने यो भेटघाट, गत साता रूसले कीभमाथि गरेको तीव्र बमबारीपछि हुन लागेको हो।

## २ दलले समानुपातिकको बन्दसूची बुझाए, अरूले आज

राजकरण महतो | *काठमाडौं*

प्रतिनिधिसभा निर्वाचनअन्तर्गत समानुपातिकतर्फ दुई दलले मात्रै उम्मेदवारहरूको बन्दसूची बुझाएका छन्। आइतबार राति ८ बजेसम्म नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र नेपाल लोकतान्त्रिक पार्टीले मात्र उम्मेदवारको बन्दसूची बुझाएको सहायक प्रवक्ता सीता पुन श्रीसले बताइन्। उनका अनुसार राष्ट्रिय जनमोर्चा पार्टीले बुझाएको बन्दसूची भने प्रक्रियामा छ।

फागुन २१ गते निर्धारित प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिकतर्फका उम्मेदवारको बन्दसूची बुझाउन आयोगले आइतबार र सोमबारको समय निर्धारण गरेको छ। आइतबार पहिलो दिन दुई दलले मात्रै बन्दसूची बुझाएका कारण आयोगका कर्मचारी फुर्सदिला थिए। तर, सोमबार अन्तिम दिन रहेकाले बाँकी सबै दलले बन्दसूची बुझाउनै पर्नेछ।

आयोगका कर्मचारी बन्दसूची बुझ्न तयारी अवस्थामा रहे पनि फाट्टफुट्ट मात्रै बन्दसूची प्राप्त भएको समानुपातिक निर्वाचन प्रणालीका निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत यज्ञप्रसाद भट्टराईले बताए।

सोमबार भने दलहरूको आयोगमा भीड लाग्ने देखिएको छ। पहिलो दिन फुर्सदिला देखिएका कर्मचारीहरूलाई सोमबार भ्याइनभ्याइ हुने देखिएको छ।

उम्मेदवार छनोट प्रक्रियामा दलहरूको आन्तरिक तयारी नपुगेकाले ठूला दलले आइतबार बन्दसूची बुझाउन नसकिएको बताएका छन्। पदका आकांक्षी धेरै भएका र सबै क्षेत्र, वर्ग, समुदाय, लिंग र भूगोललाई समेट्न समय लागेको नेताहरूले बताए। आयोगले भने दलहरूलाई टेलिफोन गरेर बन्दसूची बुझाउन आइतबार ताकेता गरेको थियो।

२ सय ७५ सदस्यीय प्रतिनिधिसभामा १ सय १० सिट समानुपातिकबाट निर्वाचित हुन्छन्। त्यसका लागि दलहरूले उम्मेदवारहरूको बन्दसूची पेस गर्नुपर्छ। १ सय ६५ सिटमा भने प्रत्यक्ष प्रणालीतर्फ पहिलो हुने निर्वाचित हुने विधिबाट सांसद चुनिनेछन्।

» बाँकी पृष्ठ ६

## २३ देशमा यात्रा नगर्न अस्ट्रेलियाको चेतावनी

जे पाण्डे | *सिड्नी (अस्ट्रेलिया)*

बिदा मनाउन वा मनोरञ्जन गर्न, यतिबेला अस्ट्रेलियनहरू देशबाहिर जाने लहर सुरु भएको छ। तर, अस्ट्रेलियाले २३ वटा देशलाई खतराको सूचीमा राखेर आफ्ना नागरिकलाई ‘यात्रा नगर्नुहोस्’ भन्ने कडा चेतावनी दिएको छ। नयाँ वर्ष नजिकिँदै गर्दा विदेश मामिला तथा व्यापार विभागको ‘स्मार्ट्राेवेल्लर’ सेवाले २३ देशमा यात्रा नगर्न वा नजान भनेको हो।

पछिल्ला वर्षका यात्रा प्रवृत्तिहरूलाई आधार मान्दा नयाँ वर्ष सन् २०२६ मा यहाँबाट एक करोडभन्दा बढी अस्ट्रेलियालीहरू विदेश यात्रा गर्न सक्ने अनुमान गरिएको छ। कतिपयले त यात्रा तय नै गरिसकेका छन्। तर, संघीय सरकारले बिदा मनाउन २३ देशमा नजान कडा चेतावनी दिँदै ती गन्तव्यको नाम नै सार्वजनिक गरेको छ। जसमध्ये अफगानिस्तान पनि हो। जानै नहुने भनिएको अफगानिस्तानमा ज्यान जान सक्ने उच्च जोखिम भएकाले सजग रहन भनिएको हो।

अन्य देशहरूमा युद्धग्रस्त युक्रेन, प्यालेस्टाइन, यमन, म्यानमार र उत्तर कोरिया छ। यस्तै, अफ्रिकाका ठूला क्षेत्रहरू, जहाँ आतंकवाद, अपहरण र अन्य हिंसात्मक अपराधको खतरा छ। ती सबै देश ‘यात्रा नगर्नुहोस्’ सूचीमा समावेश छन्। त्यसैगरी रूस र उसका सहयोगी देश इरान र बेलारुस पनि जान नहुने सूचीमा छन्। जहाँ अस्ट्रेलियालीहरू हिरासतमा पर्ने वा पश्चिमाहरूलाई लक्षित गरी मनपरी लागू गरिने कानुनको समेत जोखिम छ।

रूसी अधिकारीहरूले अस्ट्रेलियालाई ‘मैत्रीहीन’ राष्ट्रका रूपमा लिन्छन् र सोहीअनुसार व्यवहार गर्छन्। संसारकै सबैभन्दा ठूलो देशका बारेमा विदेश मामिला तथा व्यापार विभागले भनेको छ, ‘यदि तपाईं रूसमा हुनुहुन्छ भने, व्यावसायिक साधन प्रयोग गरेर तुरुन्तै देश छोड्नुहोस्।’ युद्धले थिलथिलो बनेको, कमजोर र वैदेशिक सहयोगमा निर्भर अर्थतन्त्रलाई मजबुत बनाउने प्रयासस्वरूप अफगानिस्तानलाई पर्यटन गन्तव्यका रूपमा प्रबर्द्धन गर्न थालेको छ।

गत जुन महिनामै त्यहाँका उपपर्यटनमन्त्री कुदरतुल्लाह जमालले भनेका थिए, ‘अफगान जनता न्यानो र अतिथि सत्कार गर्ने खालका छन् र अन्य देशका पर्यटकलाई आतिथ्य दिन तथा उनीहरूसँग अन्तरक्रिया गर्न चाहन्छन्।’ मन्त्री जमालले पर्यटनले कुनै पनि देशलाई धेरै फाइदा पुऱ्याउने ठानेर यस्तो धारणा व्यक्त गर्नुको धारणाप्रति अस्ट्रेलिया विश्वस्त देखिँदैन।

» बाँकी पृष्ठ ६

### यात्रा नगर्न सिफारिस गरिएका देश

| | |
|---|---|
| **अफगानिस्तान** | - सुरक्षा अवस्था अस्थिर |
| **बेलारुस** | - पक्राउ पर्ने ठूलो जोखिम |
| **बुर्किना फासो** | - आतंकवादी आक्रमण र अपहरणको खतरा |
| **हैटी** | - अस्थिर सुरक्षा अवस्थाका कारण |
| **इरान** | - ब्रिटिस नागरिकहरू पक्राउ पर्ने ठूलो जोखिम |
| **माली** | - अनिश्चित सुरक्षा अवस्थाका कारण |
| **नाइजर** | - आतंकवादी र अपराधजन्य अपहरणको वृद्धि |
| **रुस** | - युक्रेन माथिको निरन्तर आक्रमणबाट जोखिम |
| **साउथ सुडान** | - सशस्त्र हिंसा र अपराधको जोखिम |
| **सिरिया** | - सशस्त्र संघर्ष र अनिश्चित सुरक्षा अवस्थाका |
| **यमन** | - अनिश्चित सुरक्षा |

